"कला संस्कृतियुक्त, स्वच्छ समुन्नत टोखा नगर"

टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल ।

पत्र संख्या: ०८२/८३ ( शिक्षा, युवा तथा खेलकुद शाखा )
च.नं.: ६६

मितिः २०८२|०८|०३
ने.सं.: ११४६ कछलागा १४ बुधबार

श्री वडा कार्यालयहरू (सबै),
टोखा नगरपालिका, काठमाडौं ।

**विषय : धिमे बाजा प्रतियोगिता सम्बन्धमा ।**

यस नगरपालिकाको १२ औं स्थापना दिवसको अवसरमा तपसिलअनुसार धिमेबाजा प्रतियोगिता सञ्चालन हुने भएकाले मिति २०८२/०८/१० गते ३ बजेभित्र सहभागिताको निवेदन पेस गर्न/ गराउनुहुन अनुरोध छ ।

तपसिल :

**प्रतियोगिता सञ्चालन**

मिति : २०८२/०८/१३ गते
समय : बिहान ठिक १०: ०० बजे
स्थान : टोखा नगरपालिका वडा नं. २ को प्राङ्गण ।

**प्रतियोगिता सञ्चालनका नियमहरू**

- प्रतिस्पर्धी समूह नेपाली पहिचान झल्किने पोसाकमा हुनु पर्नेछ ।
- प्रतिस्पर्धी समूहमा धिमे बजाउने २, छुस्या १, भुस्या १ गरी जम्मा ४ जना सदस्य रहनेछन् ।
- प्रस्तुतिमा शुद्ध धिमे बाजा मात्र बजाउनु पर्नेछ, अन्य सङ्गीत वा म्युजिक जोड्न पाइने छैन ।
- प्रस्तुतिको समय ५ मिनेट हुनेछ र ४ मिनेट पूरा हुँदा जनाउ घण्टी बजाइनेछ ।
- प्रतियोगिता सञ्चालनका क्रममा कुनै विवाद उत्पन्न भएमा निर्णायक मण्डलको निर्णय अन्तिम मानिनेछ ।
- मौलिक धिमे बोललाई प्राथमिकता दिइनेछ ।

**मूल्याङ्कनका आधारहरू**

| क्र.स. | मूल्याङ्कनका आधारहरू | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | प्रस्तुतीकरण | २५ | |
| २ | लयबोल | ३० | |
| ३ | भेषभूषा | २० | |

Phone No:- ०१-४९८५०१३, website:- www.tokhamun.gov.np Email:-info@tokhamun.gov.np

पत्र संख्याः ०८२/८३ ( शिक्षा, युवा तथा खेलकुद शाखा )
च.नं.: ६६

मितिः २०८२।०८।०३
ने.सं.: ११४६ कछलागा १४ बुधबार

| | | | |
|---|---|---|---|
| ४ | समय | ५ | |
| ५ | अनुशासन | १० | |
| ६ | बाजा | १० | |
| जम्मा | | १०० | |

पुरस्कार
प्रथम : ४०,०००
द्वितीय : ३०,०००
तृतीय : २०,०००
सान्त्वना : १०,००० (बढीमा दुई समूहलाई १०/१० हजार)

.......................
सीताराम कोइराला
प्रमुख शिक्षा अधिकृत

अवगतार्थः
श्रीमान् नगरप्रमुखज्यू ।
श्रीमान् नगर उपप्रमुखज्यू ।
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू ।